| | | | | |
|---|---|---|---|---|
| ३. | पाडा पाडी | गोटा | ५०।- | पर्नेछ । |
| ४. | सुगुर, वंगुर | गोटा | २५।- | |

**शर्त तथा बन्देज :**

१. ठेक्को अवधि २०७६ सम्झौता मिति देखि लागु भई २०७७ असाढ मसान्त सम्म मात्र (१ वर्षको लागी) हुनेछ । ढुंगा घाटको हकमा वहुवार्षिक (३ तिन वर्ष) को हुने छ ।

२. ठेक्काको लागी बोलपत्र फारम यो सुचना प्रकाशित मितिले ७ (सात) औं दिन मिति २०७६।०६।०३ गते अपरान्ह १:०० बजे कार्यालयमा डाक बढाबढ गरिने छ । र ठेक्का नं. ६ गडहिया ढुंगा घाट को हकमा १५ औं दिन सम्म राजदेवी न.पा.बाट बोलपत्र फारम खरिद गर्न सकिने छ र यसरी खरिद भएका बोलपत्र १६ (सोरह) औं दिन दिनको १२:०० वजे सम्म राजदेवी न.पा.को कार्यालय राजदेवी रौतहटमा शिलबन्दी दर्ता गर्न सकिने छ।

३. डाक बढावढमा कुनै किसिमको शर्त मान्य हुने छैन । डाक बढाबढमा सहभागी हुन लाई नागरिकता प्रमाण पत्र लिई आउनु पर्नेछ ।

४. वोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिने छ ।

५. दर्ता भएका शिलबन्दी बोलपत्र सोही दिन दिनको २:०० (दई) वजे यस कार्यालयमा सम्बन्धित कार्यालयका प्रतिनिधीहरू र बोलपत्र दाताका प्रतिनिधिहरूको रोहवरमा खोलिने छ । साथै बोलपत्र खोल्ने समयमा बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

६. आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम नगदै वुझाउनु पर्ने छ ।

७. ठेक्का स्वीकृत भई सकेपछि सकार गरेको कुल रकमको हकमा ५०% नगद जम्मा गर्नु पर्ने र ५० % को हकमा नेपाल राष्ट्र बैक बाट मान्यता प्राप्त बैकको कम्तीमा २०७७ असाढ महिना सम्मको म्याद भएको परफरमेन्स बौण्ड पेश गर्नु पर्ने छ । ठेकेदारले कबोल गरेको रकम एकमुष्ठ बुझाई सम्झौता गरेमा १०% सहुलियत स्वरूप छुट दिइनेछ ।

८. प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेक्दार स्वंयमले ब्यहोर्नु पर्नेछ । यस कार्यालयमा ठेक्का रकम दाखिला गर्दा संगै आग्रिम आय कर तथा मुल्य अभिवृद्धि कर अनिर्वाय रूपमा ठेकेदारले वुझाउनु पर्ने छ ।

९. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ । ठेक्का स्वीकृत भई सम्झौता भई संके पछि मानव सृजित बन्द, हडताल, चक्का जाम , विषाधी प्रयोग भई माछा मरेमा जस्ता अवस्थाले यस वापत कुनै माफि मिन्हा समेत दावी गर्न पाईने छैन र त्यसको कुनै माफि मिन्हा दिइने छैन ।

१०. ठेक्का स्विकृत भएको मितिले ७ दिन भित्र नियमानुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरि चलन पूर्जी लिई सक्नु पर्नेछ अन्यथा ठेक्का रद्ध गरि प्रचलित नियमानुसार हुनेछ ।

११. पशु, चौपाया ठेक्काको हकमा ठेक्का भोग चलन गर्दा यस कार्यालयले तोके बमोजीम ढाचाँको रसिद ठेक्दार आफैले छपाई कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।

१२. ठेक्का सम्बन्धी कार्यालय तथा ठेक्कदार विच कुनै विवाद उत्पन्न भएमा राजदेवी नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै राजदेवी नगरपालिकाले वेला वेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धीत ठेक्दारको कर्तब्य हुनेछ ।

१३.. यसमा उल्लेखीत शर्तहरू यसै बमोजीम उल्लेखित नभएको ब्यहोराको हकमा सार्वजनिक खरिद नियमावली (छेठौ संसोधन) २०७५ का साथै अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

०७६-२-२५

प्रमुख प्रशासकीय अधिकृत